जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९
जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभ आरम्भ

Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक २७६ | २०८३ साल जेठ ०८ गते शुक्रवार | Friday-22-May-2026 | पृष्ठ संख्या-४ | मूल्य रू.५/-

## बारा प्रहरीमाथि गम्भीर प्रश्न : तस्करलाई छुट, सर्वसाधारणलाई सास्ती

*शु.आ. सम्बाददाता*
*बारा, ७ जेठ*




शान्ति सुरक्षा कायम गर्ने जिम्मेवारी बोकेको नेपाल प्रहरीमाथि पछिल्लो समय बाराका विभिन्न सीमावर्ती क्षेत्रमा आर्थिक चलखेलमा संलग्न भएको आरोप बढ्न थालेको छ । जनताको सुरक्षामा खटिनुपर्ने प्रहरी प्रशासन नै तस्करी नियन्त्रणमा उदासीन बनेपछि सर्वसाधारण नागरिकले सास्ती खेप्नु परेको स्थानीयहरूको गुनासो रहेको छ ।

विशेषगरी बाराको सिम्रौणगढ, कचोर्वा, आमवा लगायत सीमावर्ती क्षेत्रमा दिनप्रतिदिन चोरी तस्करी बढ्दै गए पनि सम्बन्धित निकाय भने मौन बसिरहेको आरोप स्थानीयवासीले लगाएका छन् । स्थानीयका अनुसार भारतसँग जोडिएका विभिन्न नाकाबाट रातिको समयमा खुलेआम अवैध रूपमा मालसामान ओसारपसार हुने गरेको छ । तर, प्रहरी प्रशासनले प्रभावकारी निगरानी नगर्दा तस्कर समूहहरू झन् सक्रिय बन्दै गएका छन् ।

स्थानीय बासिन्दाहरूको भनाइअनुसार दिनको समयमा सुनसान देखिने सीमावर्ती नाकाहरू राति पर्दा तस्करहरूको अखडा बन्ने गरेका छन् । मोटरसाइकल, साइकल, टेम्पो तथा साना गाडीमार्फत कपडा, खाद्यान्न, किराना, इलेक्ट्रोनिक्स सामग्रीदेखि अन्य विभिन्न सामान अवैध रूपमा भित्र्याउने र बाहिर पठाउने कार्य दैनिकजसो हुने गरेको उनीहरूको दाबी छ ।

स्थानीयहरूले पटक-पटक चोरी तस्करीका गतिविधिबारे प्रहरीलाई जानकारी गराउँदा समेत कुनै ठोस कदम नचालिएको गुनासो गरेका छन् । उनीहरूका अनुसार जिल्ला प्रहरी कार्यालय बारासम्म खबर पुऱ्याउँदा समेत चासो नदिइनुले प्रहरी प्रशासनमाथि नै शंका उत्पन्न भएको छ । "यदि प्रहरी प्रशासन इमान्दार भएर लाग्ने हो भने सीमा क्षेत्रमा हुने

बाँकी तेश्रो पृष्ठमा

## समृद्ध स्थानीय तहको आधार नै सही नेतृत्व हो : युवा नेता दुबे

*शु.आ. सम्बाददाता*
*बारा, ७ जेठ*




"समृद्ध स्थानीय तहको आधार नै सही नेतृत्व हो" भन्ने सन्देशसहित युवा नेता उमेश दुबेले सामाजिक सञ्जाल फेसबुकमार्फत सार्वजनिक गरेको धारणा यतिबेला फेटा गाउँपालिका क्षेत्रमा व्यापक चर्चाको विषय बनेको छ। स्थानीय तहको विकास, सुशासन, शिक्षा, स्वास्थ्य र युवाको भविष्यसँग जोडिएका विषयलाई प्राथमिकतामा राख्दै उनले व्यक्त गरेको विचारलाई स्थानीय युवाहरूले सकारात्मक रूपमा लिँदै सामाजिक सञ्जालमा व्यापक रूपमा सेयर तथा समर्थन जनाउन थालेका हुन् ।

पछिल्लो समय फेटा गाउँपालिकामा सक्रिय सामाजिक अभियन्ताका रूपमा परिचित बन्दै आएका दुबे विगत करिब तीन वर्षदेखि निरन्तर समाज सेवामा सक्रिय रहँदै आएका छन् । विभिन्न सामाजिक अभियान, जनसहयोग, शिक्षा तथा स्वास्थ्यसँग सम्बन्धित कार्यक्रमहरूमा प्रत्यक्ष सहभागिता जनाउँदै आएका उनले स्थानीय जनतासँग नजिक रहेर काम गरिरहेको भन्दै समर्थकहरूले प्रशंसा गरिरहेका छन् । युवामाझ लोकप्रिय बन्दै गएका दुबेले यसपटक "जनता सरकार" अभियानलाई अझ प्रभावकारी रूपमा अगाडि बढाउने संकेत गरेका छन् ।

उनले आफ्नो फेसबुक स्टेटसमा लेखेका छन्, "स्थानीय तहको वास्तविक विकास भाषणले होइन, जनताको जीवनमा आएको सकारात्मक परिवर्तनले मापन हुन्छ । सहज सेवा, गुणस्तरीय शिक्षा, स्वास्थ्य, राम्रो सडक र युवाको उज्ज्वल भविष्यका लागि असल, इमान्दार र जनताको भावना बुझ्ने नेतृत्व आवश्यक छ। आदरणीय फेटा गाउँपालिकावासीहरूमा म उमेश दुबे नमन गर्दै भन्छु – समृद्ध स्थानीय

बाँकी तेश्रो पृष्ठमा

## चाँदी खोलामा 'टिपर आतंक': अवैध उत्खनन र स्थानीय सास्तीले सीमा नाघ्यो

*शु. आ. सम्बाददाता*
*रौतहट, ०७ जेठ*



रौतहटको उत्तरी भेगमा रहेको चन्द्रपुर नगरपालिकास्थित चाँदी नदीमा भइरहेको अव्यवस्थित र अवैध नदीजन्य पदार्थको उत्खननले स्थानीय जनजीवन कष्टकर बनेको छ। विकास निर्माणको बहानामा भइरहेको यो दोहनले एकातिर पर्यावरणीय संकट निम्त्याएको छ भने अर्कोतिर दैनिक सञ्चालन हुने सयौं ओभरलोड टिपरका कारण स्थानीयहरु टिपर आतंकबाट त्रसित बन्न पुगेका छन् ।

चन्द्रपुर नगरपालिकाले आर्थिक वर्ष २०८२/०८३ का लागि वडा नम्बर ३ र ४ अन्तर्गतको चाँदी खोलामा नदीजन्य पदार्थ उत्खननका लागि अनुमति दिएको थियो । ८ चैत २०८२ मा भएको सम्झौताअनुसार सर्लाहीको बरहथवास्थित एमआर कन्स्ट्रक्सनले १ करोड ६८ लाख ९९ हजार ६० रुपैयाँ भ्याटसहितमा ठेक्का सकार गरेको थियो ।

ठेक्का सम्झौता नम्बरएनसीबी-सीएम-२०८२-०८३-०३ ले तोकिएको क्षेत्रबाट ६८ हजार ९६७ घनमिटर मात्र नदीजन्य पदार्थ उत्खनन गर्न पाइने स्पष्ट व्यवस्था गरेको छ। तर जेठ मसान्तसम्मको समयसीमा बाँकी रहँदै गर्दा ठेकेदार कम्पनीले तोकिएको परिमाणभन्दा धेरै गुणा बढी उत्खनन गरिसकेको स्थानीयको आरोप छ ।

स्थानीयवासीका अनुसार वडा नम्बर ४ को टेकान क्षेत्र हुँदै दैनिक दर्जनौं ओभरलोड टिपर तीव्र गतिमा गुड्ने गरेका छन् । यसले ग्रामीण भित्री सडकहरू जीर्ण बन्दै गएका छन् भने धुलो र पानी चुहिने समस्याले जनजीवन प्रभावित भएको छ ।

गाउँको बीचबाट दिनहुँ ओभरलोड टिपर गुडिरहेका छन् तर सम्बन्धित निकाय मुकदर्शक बनेका छन् एक स्थानीयले गुनासो गर्दै भने, सबै सेटिङमा मस्त छन् । केही जनप्रतिनिधिको नै यसमा लगानी रहेको आशंका छ त्यसैले अनुगमन गर्ने आँट कसैले गरेका छैनन् ।

नगरपालिका र डिभिजन वन कार्यालयले हालसम्म स्थलगत अनुगमन नगर्नुले पनि प्रशासनको मौनतालाई शंकाको घेरामा राखेको छ । गैडाटार जाने बाटोमा रहेको पुलको दुवैतर्फ भइरहेको तीव्र उत्खननले गर्दा उक्त पुल नै जोखिममा परेको प्राविधिकहरू बताउँछन् ।

वातावरणविद्हरूका अनुसार चाँदी खोलामा भइरहेको यो दोहनले दीर्घकालीन संकट निम्त्याउने निश्चित छ: अवैध उत्खननले नदीको प्राकृतिक बहाव बदलिने र बाढीको जोखिम बढ्ने, करोडौंको लगानीमा निर्मित टेकान बसपार्क लगायतका सार्वजनिक संरचनाहरू उच्च जोखिममा, तीव्र गतिको टिपर आतंकले दुर्घटनाको सम्भावना उच्च रहेकको छ ।

स्थानीयवासीले नगरपालिका र नियामक निकायसँग अवैध उत्खनन तत्काल रोक्न र स्थलगत अनुगमन गरी मापदण्ड पालना गराउन जोडदार माग गरेका छन् । यद्यपि व्यापक जनगुनासोका बाबजुद चन्द्रपुर नगरपालिकाले अहिलेसम्म कुनै औपचारिक प्रतिक्रिया दिएको छैन ।

यसैगरी जिल्लाका बागमती र बकैया नदीमा समेत अवैध क्रसर उद्योग र खोला माफियाको बिगबिगी जारी छ । समयमै यी गतिविधि नियन्त्रण नगरिए रौतहटको भूगोल र जनस्वास्थ्यले ठूलो मूल्य चुकाउनुपर्ने चेतावनी सरोकारवालाहरूले दिएका छन् ।

## गौर प्रादेशिक अस्पतालमा गरिबलाई सास्ती धनीलाई प्राथमिकता सेवाग्राहीको आक्रोश

*रौतहट, ०७ जेठ*




रौतहटको सदरमुकाम गौरस्थित गौर प्रादेशिक अस्पतालमा उपचारका लागि आउने गरिब तथा विपन्न नागरिकहरूले चरम उपेक्षा र दुर्व्यवहारको सामना गर्नुपरेको गम्भीर आरोप लागेको छ । अस्पताल प्रशासनले आर्थिक रूपमा विपन्न नागरिकलाई वेवास्ता गर्दै धनी, पहुँचवाला र उच्चपदस्थ व्यक्तिहरूलाई मात्रै प्राथमिकता दिने गरेको स्थानीय सेवाग्राहीहरूले गुनासो गरेका छन् ।

दुर्गा भगवती गाउँपालिका-२ पिपरा भलोहियाका स्थानीय नागरिक श्याम तिवारीले अस्पतालभित्रको विभेदपूर्ण व्यवहारले सीमा नाघेको भन्दै आक्रोश व्यक्त गरेका छन् । उनले भने हामी बिरामी परेर उपचारका लागि आउँछौं तर यहाँ पैसा र पावर नभएकाहरूले पालो पाउन मुस्किल छ। कर्मचारीहरू धनी र चिनजानका मानिसहरूलाई तुरुन्त सेवा दिन्छन् तर विपन्नहरू घण्टौंसम्म लाइनमा उभिएर पनि उपचार नपाएर फर्किन बाध्य छन् ।

सेवाग्राहीहरूका अनुसार गौर प्रादेशिक अस्पतालमा समस्याको चाङ छ । सामान्य उपचारका लागि पुग्ने बिरामीले समेत प्रयोगशाला (ल्याब) सेवा र आवश्यक औषधि नपाउने गरेको गुनासो बढ्दो छ। अस्पतालको भवन र संरचना बाहिरबाट हेर्दा चिटिक्क र सफा देखिए पनि भित्र सेवा प्रवाहको अवस्था निकै दयनीय रहेको स्थानीय बताउँछन् । अस्पताल रंगरोगन गरेर चिटिक्क पारेर मात्रै हुँदैन जनतालाई आधारभूत स्वास्थ्य सेवा चाहिएको छ, तिवारीले थपे अस्पतालमा कहिले ल्याबको अभाव छ, कहिले डाक्टर नभएको भनिन्छ । स्वास्थ्यजस्तो संवेदनशील क्षेत्रमा समेत चरम लापरबाही भइरहेको छ ।

अस्पतालको आन्तरिक व्यवस्थापनमा समेत गम्भीर प्रश्न उठेको छ । अस्पतालमा सक्षम र अनुभवी वरिष्ठ कर्मचारीहरू हुँदाहुँदै पनि आफ्ना मान्छे र आर्थिक लाभका आधारमा जुनियर कर्मचारीहरूलाई महत्वपूर्ण जिम्मेवारी दिने गरिएको स्रोतको दाबी छ। यसले गर्दा अस्पतालको कार्यसम्पादन क्षमता घट्नुका साथै सेवाग्राहीहरू थप मर्कामा परेका छन् ।

प्रदेशकै महत्वपूर्ण स्वास्थ्य संस्थाका रूपमा रहेको गौर प्रादेशिक अस्पतालमा देखिएको यस्तो बेथिति र सेवाग्राहीप्रतिको विभेदले जनस्वास्थ्यमाथिको खेलबाड गरिरहेको छ । स्थानीयहरूले तत्काल यसको छानबिन गरी अस्पताल प्रशासन र सम्बन्धित निकायलाई जवाफदेही बनाउन माग गरेका छन् ।

अस्पतालका जिम्मेवार अधिकारीहरूले भने यी आरोपहरूको खण्डन गर्दै आए पनि सेवाग्राहीहरूले भोगिरहेको सास्तीले अस्पतालको सेवा प्रवाहमाथि ठूलो प्रश्नचिह्न खडा गरेको छ । स्थानीय प्रशासन र प्रदेश सरकारको स्वास्थ्य मन्त्रालयले समयमै यस विषयमा ध्यान नदिने हो भने गरिब जनताको पहुँच सरकारी अस्पतालसम्म पुग्न थप कठिन हुने निश्चित छ ।

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - देवताल गाउँपालिका

**शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी**

| | |
|---|---|
| प्रकाशक | : अनिल पाण्डेय |
| प्रधान सम्पादक | : दिपेन्द्र कुमार उपाध्याय |
| सम्पादक | : श्याम विहारी साह केशरी |
| कार्यकारी सम्पादक | : उमेश दुवे |
| समाचार सम्पादक | : आ.के. ठाकुर |
| कानुनी सल्लाहकार | : प्रभातचन्द्र दाहाल |
| कम्प्यूटर अपरेटर | : कृष्णा गुप्ता |
| सम्पर्क नम्बर | : ९८४५२२६३०५ |
| सम्पर्क कार्यालय | : कलैया-१४, बघवन (बारा) |
| मुद्रक | : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा) |

shubharambhdaily@gmail.com

## सम्पादकीय..........

# महासंघभित्रको कुटाकुटले उठाएका गम्भीर प्रश्न

नेपाल पत्रकार महासंघ पत्रकारहरुको साझा संस्था हो । प्रेस स्वतन्त्रता, पत्रकारको हकहित र लोकतान्त्रिक मूल्यको पक्षमा आवाज उठाउने संस्थाभित्रै कुटाकुट र कुर्सी हानाहानको अवस्था सिर्जना हुनु अत्यन्त दुर्भाग्यपूर्ण घटना हो । नेपाल पत्रकार महासंघ बारा शाखा को कार्यसमिति बैठक हिंसात्मक झडपमा परिणत हुनु केवल व्यक्तिगत विवाद होइन, यसले संस्थागत अनुशासन र पत्रकारिताको मर्यादामाथि गम्भीर प्रश्न उठाएको छ । साधारणसभा तथा पुरस्कार वितरण कार्यक्रमको तयारीका लागि बसेको बैठकमै विवाद चर्किनु र पत्रकार घाइते हुने अवस्था आउनु कुनै पनि हिसाबले स्वीकार्य हुन सक्दैन । पुरस्कार वितरण प्रक्रियामाथि आर्थिक चलखेलको आरोप लाग्नु र त्यसको समाधान छलफलबाट नभई हातपातमा पुग्नु झन् चिन्ताजनक पक्ष हो ।

पत्रकारिता क्षेत्रले समाजलाई संयमता, सहिष्णुता र जिम्मेवारीको सन्देश दिने गर्दछ । तर, पत्रकार संगठनभित्रै असहमति हिंसामा बदलिनु गलत संस्कृतिको संकेत हो । विचार फरक हुन सक्छ, आलोचना हुन सक्छ, तर त्यसको समाधान संवाद र लोकतान्त्रिक प्रक्रियाबाट खोजिनुपर्छ । हिंसा र आक्रोशले कुनै पनि संस्थाको गरिमा जोगाउन सक्दैन । घटनापछि दुवै पक्षबीच सहमति हुनु सकारात्मक भए पनि यसलाई सामान्य घटनाका रुपमा लिएर टार्न मिल्दैन । महासंघभित्र देखिएको गुटगत राजनीति, अविश्वास र अपारदर्शिताको समस्यालाई नेतृत्वले गम्भीर रुपमा लिन आवश्यक छ । निष्पक्ष छानबिन, जिम्मेवारमाथि कारबाही र संस्थागत सुधारबिना यस्ता घटना फेरि दोहोरिन सक्ने खतरा रहन्छ । पत्रकार महासंघले अब आत्मसमीक्षा गर्दै संस्थाको गरिमा जोगाउने दिशामा ठोस कदम चाल्नुपर्छ । पत्रकारिता पेशाको विश्वसनीयता बचाउन पत्रकार स्वयं अनुशासित, जिम्मेवार र लोकतान्त्रिक संस्कृतिप्रति प्रतिबद्ध हुन आवश्यक छ ।

# साधारण बहुमत कि दुईतिहाइ



**विष्णु लुइटेल**

वर्तमान सरकारको कार्यशैली हेर्दा 'अनुभव, परिपक्वता र धैर्यको कमी हो कि ?' भन्ने देखिन्छ। यी कमजोरी समयमै सुधार गरे भविष्य उज्ज्वल हुनेछ।

साधारण बहुमत भन्नाले पक्ष विपक्षबीच मतदान हुँदा एकभन्दा बढी प्राप्त मत संख्या हो। बढी प्राप्त मतले बहुमतलाई जनाउँछ। विभिन्न संघ, संस्था, निकाय संगठनको विधान एवं तत्सम्बन्धी कानुनमा कुनै पनि विषयको निर्णय लिनुपर्दा सो निर्णयको पक्ष र विपक्षमा विचार, मत आएमा मतदानका माध्यमबाट विवादको निरुपण गरी निर्णय गरिन्छ। यस्तोमा बहुमत प्राप्त व्यक्तिहरूको विचारधाराले मान्यता पाउँछ। अल्पमतमा परेका व्यक्तिहरूको विचार गौण रहन्छ।

त्यस्तै गरी दुईतिहाइ बहुमत भन्नाले मतदान गर्न पाउने अधिकार भएका सम्पूर्ण सदस्य संख्याको दुईतिहाइ मत हो। अर्थात्, तीनमध्ये एक जनाको एउटा मत र बाँकी दुई जनाको अर्को मत भएमा उक्त दुई जनाको मतलाई दुईतिहाइ बहुमत भनिन्छ। यस्तोमा उक्त दुई जनाको मतले प्रधानता पाउँछ। एक जनाको मत गौण मानिन्छ। कुनै पनि महत्वपूर्ण निर्णय गर्नुपर्दा दुईतिहाइ बहुमतको आवश्यकता पर्दछ भनी विधान तथा कानुनमै उल्लेख गरेको हुन्छ। दुईतिहाइ बहुमतले संगठनको स्वरूप, देशको सामाजिक राजनैतिक संरचना वा विघटन र पुनर्संरचना आदि गर्न सकिन्छ। तर त्यस्तो कुरा संविधान तथा अन्य विधानमा स्पष्ट उल्लेख भएको हुन्छ। सन्तुलित र सर्वस्वीकार्य बाटोबाट अघि बढेमा सबैको हित हुने देखिन्छ। दुईतिहाइको मतको दम्भले देश पुनः अस्थिरताको बाटोमा धकेलिनु नपरोस्। देश र जनताप्रति संवेदनशील भएर कार्य गरेमा जनमतको कदर हुने अपेक्षा छ।

प्रधानमन्त्रीले संसद्मा उपस्थित भई प्रश्नको जवाफ नदिई गोप्य कोठामा बसेर सरकार र राज्य सञ्चालन गर्न खोज्नु नेपाली जनताको अभिमतभन्दा बाहिरको कुरा हो। यस्तो क्रमभंगताले मुलुक र देशवासीलाई सन्तुष्ट पार्न सक्दैन।

नेपालको संविधान, २०७२ मा साधारण बहुमतसम्बन्धी व्यवस्था के, कस्ता विषयको निर्णय गर्नुपर्दा साधारण बहुमतबाट पारित गर्नुपर्छ भन्ने संविधानमा उल्लेख भएको हुन्छ। संविधानको धारा ९९ मा संघीय संसद्को कुनै सदनमा निर्णयका लागि प्रस्तुत गरिएको जुनसुकै प्रस्तावको निर्णय उपस्थित भई मतदान गर्ने सदस्यहरूको बहुमतबाट हुने व्यवस्था छ। त्यस्तै, धारा १११ मा संसद्बाट कानुन निर्माण गर्न विधेयक पारित गर्दा बहुमतको प्रक्रियाबाट निर्णय गरिन्छ। यसका अलावा संविधानका विभिन्न धारामा के, कस्तो निर्णय गर्दा साधारण बहुमत वा दुईतिहाइ बहुमतको आवश्यक हुन्छ भन्ने उल्लेख छ :-

(क) मन्त्रिपरिषद्को गठन सम्बन्धमा : नेपालको संविधान, २०७२ को धारा ७६ (१) अनुसार प्रतिनिधिसभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई राष्ट्रपतिले प्रधानमन्त्री नियुक्त गर्ने व्यवस्था छ। त्यस्तै, संसद्मा कुनै पनि दलले बहुमत प्राप्त गर्न नसकेको अवस्थामा दुई वा दुईभन्दा बढी दलहरूको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रतिनिधिसभाको सदस्यलाई राष्ट्रपतिले प्रधानमन्त्री नियुक्त गर्ने उपधारा २ मा उल्लेख छ। यसरी नियुक्त भएको प्रधानमन्त्रीले ३० दिनभित्र संसद्बाट विश्वासको बहुमत प्राप्त गर्नुपर्छ। यसरी नियुक्त प्रधानमन्त्रीले ३० दिनभित्र प्रतिनिधिसभामा विश्वासको बहुमत प्राप्त गर्न नसकेमा प्रतिनिधिसभामा सबैभन्दा ठूलो दलको संसदीय दलको नेतालाई राष्ट्रपतिले प्रधानमन्त्री नियुक्त गर्ने व्यवस्था छ।

त्यस्तो प्रधानमन्त्रीले पनि संसद्मा ३० दिनभित्र प्रतिनिधिसभामा विश्वासको बहुमत सिद्ध गर्नुपर्छ। संसद्को ठूलो दलको नेता प्रधानमन्त्री नियुक्त भएकोमा निजले ३० दिनभित्र प्रतिनिधिसभामा विश्वासको मत प्राप्त गर्नुपर्छ। निजले पनि विश्वासको मत प्राप्त गर्न नसकेमा प्रतिनिधिसभाको कुनै सदस्यले प्रतिनिधिसभामा विश्वासको मत प्राप्त गर्न सक्ने आधार प्रस्तुत गरेमा त्यस्तो सदस्यलाई राष्ट्रपतिले प्रधानमन्त्री नियुक्त गर्नेछन्। यस्तो अवस्थामा संविधानको धारा ७६ (५) अनुसार नियुक्त प्रधानमन्त्रीले उपधारा (४) अनुसार ३० दिनभित्र प्रतिनिधिसभामा विश्वासको मत लिनुपर्ने संवैधानिक व्यवस्था छ।यदि उपधारा (५) अनुसार नियुक्त प्रधानमन्त्रीले उपधारा (४) अनुसार ३० दिनभित्र प्रतिनिधिसभामा विश्वासको मत लिन नसकेमा प्रधानमन्त्रीको सिफारिसमा उपधारा (७) अनुसार राष्ट्रपतिले प्रतिनिधिसभा विघटन गरी ६ महिनाभित्र अर्को प्रतिनिधिसभाको निर्वाचन सम्पन्न हुने गरी निर्वाचनको मिति तोक्नेछ।

(ख) प्रधानमन्त्रीले संसद्मा बहुमत सिद्ध गर्ने सम्बन्धमा : प्रधानमन्त्री जहिले पनि संसद्को बहुमतको नेता हो। जब संसद्मा प्रधानमन्त्रीले बहुमत गुमाउँछ, तव प्रधानमन्त्रीको पद अन्त्य हुन्छ। त्यसैले संविधानको धारा ७७ मा उल्लेख भएअनुसार संविधानको धारा १०० बमोजिम विश्वासको प्रस्ताव पारित हुन नसकेमा वा निजविरुद्ध अविश्वासको प्रस्ताव पारित भएमा प्रधानमन्त्री आफ्नो पदबाट मुक्त हुनेछन्। यसरी प्रधानमन्त्रीले संसद्मा विश्वासको मत लिँदा वा अविश्वासको प्रस्ताव पारित हुँदा साधारण बहुमतको आधारमा निर्णय हुने गर्दछ।

(ग) प्रतिनिधिसभाको सभामुख र उपसभामुखको निर्वाचन सम्बन्धमा : आवधिक वा मध्यावधि निर्वाचनपश्चात् गठित प्रतिनिधिसभाको पहिलो बैठक प्रारम्भ भएको मितिले १५ दिनभित्र प्रतिनिधिसभाका सदस्यहरूले आफूमध्येबाट प्रतिनिधिसभाको सभामुख र उपसभामुख निर्वाचन गर्ने व्यवस्था संविधानको धारा ९१ मा छ। त्यस्तै, कुनै कारणवश प्रतिनिधिसभाका सभामुख र उपसभामुखको पद रिक्त भएमा प्रतिनिधिसभाका सदस्यहरूले आफूमध्येबाट प्रतिनिधिसभाको सभामुख र उपसभामुखको निर्वाचन गरी रिक्त स्थानको पदपूर्ति गरिन्छ। यसरी प्रतिनिधिसभाको सभामुख वा उपसभामुखको निर्वाचन गर्दा प्रतिनिधिसभामा तत्काल कायम रहेका प्रतिनिधिसभा सदस्यहरूको बहुमतको आधारमा गरिन्छ।

(घ) राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्षको निर्वाचन सम्बन्धमा : यसैगरी, राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्षको निर्वाचन पनि बहुमतको आधारमा गरिन्छ। राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्षको निर्वाचन गर्दा राष्ट्रिय सभाको पहिलो बैठक प्रारम्भ भएको मितिले १५ दिनभित्र राष्ट्रिय सभाका सदस्यहरूले आफूमध्येबाट राष्ट्रिय सभाका सदस्यमध्येबाट बहुमतको आधारमा अध्यक्ष र उपाध्यक्षको निर्वाचन गरिन्छ। संविधानको धारा ९२ मा यससम्बन्धी उल्लेख छ। कुनै पनि बेलामा राष्ट्रिय सभाका अध्यक्ष एवं उपाध्यक्षको पद रिक्त भएमा निर्वाचनको प्रक्रियाद्वारा बहुमतको आधारमा पदपूर्ति गरिने संवैधानिक प्रावधान रहेको छ। त्यसका अलावा संविधानको धारा ९९ मा भएको व्यवस्थालाई हेर्ने हो भने संघीय संसद्को कुनै पनि सदनमा निर्णयार्थ विभिन्न विषय प्रस्तुत हुने गर्छन्। यसरी, संघीय संसद्को कुनै पनि सदनमा प्रस्तुत भएको प्रस्तावको निर्णयमा उपस्थित भई मतदान गर्ने सदस्यहरूको बहुमतको आधारमा कुनै पनि निर्णय गरिन्छ।

(ङ) अध्यादेश सम्बन्धमा : अहिले अध्यादेश सम्बन्धमा धेरै चर्चा र टीकाटिप्पणी भइरहेको छ। दुईजना सांसदको कमीले दुईतिहाइ नपुगेको अहिलेको रास्वपाको सरकार छ। वर्तमान सरकार रास्वपा पार्टीको अत्यधिक बहुमतको सरकार हो। यस्तो अत्यधिक बहुमतको सरकारले आह्वान गरेको संसद्को अधिवेशन बीचैमा अर्थात् १७ वैशाख २०८३ मा स्थगन गरेर आठवटा अध्यादेश जारी गर्न राष्ट्रपति समक्ष अनुरोध गऱ्यो। राष्ट्रपतिबाट संविधानको धारा ६६ द्वारा प्राप्त अधिकारको प्रयोग गरी उक्त आठवटै अध्यादेश जारी भयो। ती अध्यादेश संसद्को नियमित वाटो र प्रक्रिया छलेर ल्याइएका कानुन हुन् भनी सर्वत्र आलोचना भयो। संसद्को दुवै सदनको अधिवेशन नचलेको अवस्थामा तत्काल केही गर्न आवश्यक छ भन्ने मन्त्रिपरिषद्लाई लागेमा अध्यादेश जारी गरिन्छ भन्ने संविधानको धारा ११४ मा भएको व्यवस्थाअनुसार अध्यादेश जारी गरिएको हो।

उक्त अध्यादेशहरू ऐनसरह लागू हुन्छन्। अध्यादेशको वैधानिकता सम्बन्धमा प्रत्येक अध्यादेश जारी भएपछि बसेको संघीय संसद्को दुवै सदनमा पेस गर्नुपर्छ। त्यसरी पेस भएको अध्यादेश दुवै सदनबाट बहुमतद्वारा अस्वीकार भएमा निष्क्रिय हुन्छ। साथै त्यस्तो अध्यादेश राष्ट्रपतिबाट कुनै पनि बखत खारेज हुन सक्छ। त्यस्तो अध्यादेश निष्क्रिय वा खारेज नभएको खण्डमा राष्ट्रिय सभा र प्रतिनिधिसभाको बैठक बसेको ६० दिनपछि स्वतः निष्क्रिय हुन्छ। तर त्यसरी अध्यादेश निष्क्रिय भएपछि पनि उक्त अध्यादेशबाट भए गरेका काम कारबाही बदर वा खारेज हुँदैनन्।

(च) सन्धि वा सम्झौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन सम्बन्धमा : नेपाल राज्य वा नेपाल सरकार पक्ष हुने नेपाललाई दीर्घकालीन असर नपर्ने साधारण प्रकृतिका सन्धि वा सम्झौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन प्रतिनिधिसभाको बैठकमा उपस्थित सदस्यको साधारण बहुमतबाट पारित गरिन्छ। संविधानको धारा १७९ मा उल्लेख भएको व्यवस्थालाई हेर्ने हो भने साधारण प्रकृतिका र राष्ट्रलाई दीर्घकालीन असर नपर्ने साधारण प्रकृतिका अन्तर्राष्ट्रिय सन्धि सम्झौता गर्दा प्रतिनिधिसभाको साधारण बहुमतले पारित गर्न सक्ने व्यवस्था छ।

दुईतिहाइ बहुमतसम्बन्धी व्यवस्था

दुईतिहाइ बहुमत भन्नाले सम्पूर्ण सदस्य संख्या (मत)को तीन भागको दुई भाग भन्ने बुझिन्छ। नेपालको संविधान, २०७२ का विभिन्न धारामा दुईतिहाइ बहुमतको आधारमा निर्णय गर्ने भन्ने व्यवस्था छ। खासगरी राष्ट्र, राष्ट्रियता, सार्वभौमसत्ता, देशको शान्ति सुरक्षा र मुलुकलाई दीर्घकालीन असर नपर्ने अन्तर्राष्ट्रिय सन्धि सम्झौता गर्दा संसद्मा तत्काल कायम रहेको सदस्य संख्याको बहुमतद्वारा पारित गर्न सकिने व्यवस्था छ। तर राष्ट्रलाई गम्भीर र दीर्घकालीन असर पर्ने विषयवस्तुको प्रस्तावमा संसद्बाट निरूपण गर्नुपर्दा दुईतिहाइ बहुमतको आवश्यकता पर्छ।

(क) संविधान संशोधन सम्बन्धमा : नेपालको संविधान, २०७२ समयसापेक्ष र जनचाहना अनुरूप संशोधन र परिमार्जन हुँदै जानुपर्छ। संविधान भनेको असंशोधनीय दस्तावेज होइन। समयको गति र जनआकांक्षाअनुसार संविधान संशोधित र परिमार्जित हुनैपर्छ। संविधानको धारा २७४ को अभिप्राय, सिद्धान्त र उद्देश्य पनि यही हो। संसारका लिखित संविधान भएका देशहरूमा संविधान संशोधनसम्बन्धी संवैधानिक र कानुनी परिबन्ध गरिएको हुन्छ।

अलिखित संविधान भएका देशहरूले पनि आफ्नो राज्य सञ्चालनको वैधानिक कानुनी व्यवस्थालाई देश, काल, परिस्थिति र जनचाहना अनुरूप संशोधन गर्दै राव्य सञ्चालन गरिआएको पाइन्छ। संविधान संशोधन खासगरी दुई तरिकाले गर्न सकिन्छ। एउटा संसद्को दुईतिहाइ बहुमतबाट र अर्को संसद्को दुईतिहाइ बहुमतले निर्णय गरी संविधानको धारा २७५ अनुसार जनमत संग्रहको माध्यमबाट संविधानको कुनै पनि धारा संशोधन गर्न सकिन्छ।

संसद्बाट संविधान संशोधन गर्दा संसद्मा संविधान संशोधनको प्रस्तावित विधेयक संसद्को दुईतिहाइ बहुमतले निर्णय गरी संविधान संशोधन गर्न सकिने व्यवस्था छ। संसद् भन्नाले प्रतिनिधिसभा र राष्ट्रिय सभा भन्ने बुझिन्छ। संसद्को प्रतिनिधिसभामा २७५ र राष्ट्रिय सभामा ५९ गरी नेपालको संघीय संसद्मा जम्मा ३३४ सदस्य छन्। उक्त ३३४ को दुईतिहाइ बहुमत संख्या भनेको २२३ जना हो। नेपालको संविधान, २०७२ को धारा २७४ को उपधारा (१) बाहेक अन्य जुनसुकै धारा पनि संशोधन गर्न सकिन्छ। यसरी संविधान संशोधन गर्दा संघीय संसद्को दुवै सदनमा तत्काल कायम रहेका सदस्यको दुईतिहाइ बहुमत अर्थात् २२३ सांसदबाट संविधान संशोधनको प्रस्ताव पारित भएमा संविधानको कुनै पनि धारा संशोधन हुन्छ। तर नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधीनता र जनतामा निहित सार्वभौमसत्ताको प्रतिकूल हुनेगरी संविधानको कुनै पनि धारा संशोधन गर्न सकिने छैन।

(ख) प्रदेशको नामकरण सम्बन्धमा : नेपालको संविधान, २०७२ को धारा ५६ मा राज्य संरचनासम्बन्धी व्यवस्था छ। जसले नेपालले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई अपनाएको छ। राज्यको मूल संरचनामा संघ, प्रदेश र स्थानीय तह गरी तीन तह कायम गरिएको छ। संविधानको धारा २९५ बमोजिम प्रदेशको नामकरण सम्बन्धमा सम्बन्धित प्रदेश सभाको सम्पूर्ण सदस्य संख्याको दुईतिहाइ बहुमतबाट पारित भएबमोजिम हुने व्यवस्था रहेको पाइन्छ।

(ग) प्रदेशको राजधानी सम्बन्धमा : नेपाललाई विभिन्न सात प्रदेशमा विभाजन गरिएको छ। प्रत्येक प्रदेशको राजधानी कहाँ रहने भन्ने सम्बन्धमा संविधानको धारा २८८ मा व्यवस्था गरिएको छ। यसरी कुनै पनि प्रदेशको राजधानी कुन ठाउँमा रहने भन्ने सम्बन्धमा सम्बन्धित प्रदेश सभामा तत्काल कायम रहेका सदस्य संख्याको दुईतिहाइ बहुमतबाट पारित भएको

*बाँकी तेश्रो पृष्ठमा*

समृद्ध नेपाल, सुखी नेपाली' दीर्घकालीन राष्ट्रिय आकांक्षा हो । राष्ट्रिय आकांक्षा पूरा गर्न हामी पनि योगदान गरौं । - सिम्रौनगढ नगरपालिका

## अन्तराष्ट्रिय समाचार

# स्पेसएक्सको ऐतिहासिक आइपिओ तयारी

***न्यूयोर्क-*** एलन मस्कको अन्तरिक्ष कम्पनी स्पेसएक्सले इतिहासकै सबैभन्दा ठूलो प्रारम्भिक सार्वजनिक प्रस्ताव (आइपिओ) ल्याउने तयारी सार्वजनिक गरेको छ । बुधबार सार्वजनिक गरिएको प्रोस्पेक्टसअनुसार कम्पनीले दर्जनौं अर्ब डलर बराबरको सेयर बिक्री योजना अघि सारेपछि यसले विश्व वित्तीय बजारमा ठूलो चासो र बहस सिर्जना गरेको छ ।

फाइलिङले देखाए अनुसार स्पेसएक्सले गत वर्ष आठ अर्ब ७० करोड डलर राजस्व कमाए पनि सञ्चालनतर्फ पाँच अर्ब ६० करोड डलर घाटा व्यहोरेको थियो । कम्पनीले यो वर्षको सुरुआती महिनाहरूमा पनि घाटा निरन्तर रहेको उल्लेख गरेको छ। कम्पनीले उठाउन चाहेको रकम औपचारिक रूपमा नखुलाए पनि विभिन्न अन्तर्राष्ट्रिय रिपोर्टहरूले प्रस्तावको आकार ७५ अर्ब डलर वा त्योभन्दा माथि पुग्न सक्ने बताएका छन् ।

यदि त्यस्तो भयो भने, यो आइपिओले सात वर्षअघि २६ अर्ब डलर उठाएर कीर्तिमान बनाएको साउदी अरामकोलाई सहजै उछिन्नेछ । औपचारिक नाम स्पेस एक्सप्लोरेसन टेक्नोलोजी कर्पोरेसन रहेको स्पेसएक्सले यस सेयर बिक्रीबाट उठ्ने रकम मानवलाई बहुग्रहीय प्रजाति बनाउने महत्त्वाकांक्षी योजनामा प्रयोग गरिने जनाएको छ ।

कम्पनीका अनुसार चन्द्रमा र मङ्गल ग्रहमा मानव बस्ती स्थापना गर्ने परियोजनालाई आर्थिक रूपमा बलियो बनाउन यो पूँजी प्रयोग हुनेछ । फाइलिङमा सभ्यतालाई समाप्त गर्न सक्ने अस्तित्वगत जोखिमको चर्चा गर्दै 'मानव जातिको भाग्य डायनासोरजस्तो नहोस् भन्ने हाम्रो चाहना हो' भनिएको छ ।

प्रोस्पेक्टसका केही अंश विज्ञान-कथाजस्ता देखिन्छन् । एउटा खण्डमा मस्कले 'कम्तीमा १० लाख जनसङ्ख्या भएको स्थायी मानव उपनिवेश मङ्गल ग्रहमा स्थापना गर्न सफल भएमा' मात्र विशेष क्षतिपूर्ति प्राप्त गर्ने उल्लेख गरिएको छ ।

यो आइपिओले मस्कलाई १० खर्ब डलरभन्दा बढी सम्पत्ति हुने विश्वको पहिलो व्यक्ति बनाउने सम्भावना पनि बलियो बनाएको छ। फोर्ब्सका अनुसार हाल मस्कको अनुमानित सम्पत्ति आठ खर्ब ३९ अर्ब डलर रहेको छ। मस्कले सन् २००२ मा स्थापना गरेको स्पेसएक्समा उनी प्रमुख स्वामित्वकर्ता हुन् ।

पुनः प्रयोग गर्न मिल्ने रकेटमार्फत अन्तरिक्ष यात्रीलाई कक्षामा पुऱ्याउने मुख्य व्यवसायसँगै स्पेसएक्सले अन्य विविध व्यवसाय पनि सञ्चालन गरिरहेको छ। तीमध्ये सबैभन्दा सफल व्यवसायमध्ये स्टारलिङ्क एक हो । दस्तावेज अनुसार स्टारलिङ्कले गत वर्ष चार अर्ब ४० करोड डलर सञ्चालन आम्दानी गरेको थियो ।

कम्पनीले न्यून पृथ्वी कक्षामा रहेका करिब १० हजार उपग्रहमार्फत १५० देश तथा क्षेत्रमा एक करोड मानिसलाई इन्टरनेट सेवा दिइरहेको जनाएको छ । तर कम्पनीका सबै परियोजना सफल छैनन् । हालै स्पेसएक्सले मस्ककै स्वामित्वमा रहेका सामाजिक सञ्जाल प्लेटफर्म एक्स र कृत्रिम बौद्धिकता (एआई) एक्सएआई अधिग्रहण गरेको थियो ।

यी दुवै कम्पनी ठूलो घाटामा रहेका कारण केही लगानीकर्ताले उक्त खरिदलाई 'बेलआउट' भन्दै आलोचना गरेका थिए । प्रोस्पेक्टसले एआई व्यवसायले मात्र गत वर्ष छ अर्ब ४० करोड अर्ब डलर सञ्चालन घाटा व्यहोरेको जनाएको छ । स्पेसएक्सको मुख्य रकेट तथा प्रक्षेपण व्यवसाय भने अमेरिकी सरकारी सम्झौतामा ठूलो मात्रामा निर्भर छ ।

दस्तावेज अनुसार कम्पनीको गत वर्षको कुल राजस्वमध्ये करिब पाँचौं भाग अमेरिकी सङ्घीय सरकारबाट आएको थियो । नासा, अमेरिकी रक्षा मन्त्रालय र अन्य सरकारी निकायबाट स्पेसएक्सले पछिल्ला पाँच वर्षमा छ अर्ब डलरभन्दा बढीका सम्झौता प्राप्त गरेको युएसए स्पेन्डिङ डट जीओभीले देखाएको छ ।

यसले मस्क र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पबीचको सम्बन्धमाथि फेरि प्रश्न उठाएको छ । मस्क ट्रम्पको चुनाव अभियानका सबैभन्दा ठूलो दातामध्ये एक थिए र सरकारी खर्च कटौती अभियान डजसँग पनि उनी जोडिएका थिए ।

सरकारी नैतिकता निगरानी समूहहरूले मस्कले सरकारी ठेक्का पाउन विशेष सुविधा पाएको हो कि भन्ने प्रश्न उठाउँदै आएका छन् । ट्रम्प प्रशासन समाप्त भएपछि यस्तो लाभ कायम रहन्छ कि रहँदैन भन्नेबारे पनि बहस भइरहेको छ । प्रोस्पेक्टसले मस्कको पारिश्रमिक संरचना पनि खुलाएको छ । सन् २०२५ मा उहाँको आधारभूत वार्षिक तलब ५४ हजार ८० डलर मात्रै थियो ।

यो सन् २०१९ यता परिवर्तन भएको छैन । तर उनका मुख्य लाभ स्टक अनुदानसँग जोडिएका छन् । कम्पनीले करिब समान आकारका १५ वटा स्टक अनुदान प्याकेज उपलब्ध गराउने योजना बनाएको छ। यसमा प्रत्येकमा छ करोड ७० लाख सेयर रहनेछन् । ती सेयर कम्पनीले तोकेका बजार मूल्य लक्ष्य पूरा गरेपछि मात्रै हस्तान्तरण हुनेछन् ।

मस्कले पूर्ण स्टक पुरस्कार प्राप्त गर्न स्पेसएक्सको बजार मूल्य ७५ खर्ब डलरसम्म पुग्नुपर्ने उल्लेख गरिएको छ । यस्तै अन्तरिक्षमा फुटबल मैदानजत्रा विशाल डाटा सेन्टर निर्माण गर्न कम्पनी सफल भएमा उनले थप स्टक पुरस्कार प्राप्त गर्ने व्यवस्था पनि राखिएको छ । कम्पनीको नियन्त्रण संरचनाले पनि लगानीकर्ताको ध्यान खिचेको छ ।

फाइलिङअनुसार मस्क र केही प्रमुख सेयरधनीले विशेष श्रेणीका सेयर पाउनेछन्, जसले प्रत्येक सेयरमा १० मताधिकार दिनेछ । यसमार्फत उनीहरूले कम्पनीको सञ्चालक समिति चयनमा निर्णायक प्रभाव राख्नेछन् । स्पेसएक्सले सम्भावित लगानीकर्तालाई चेतावनी दिँदै 'यसले कर्पोरेट मामिलाहरू तथा सञ्चालकहरूको निर्वाचनमा तपाईंहरूको प्रभाव सीमित वा रोक्न सक्छ' भनेको छ ।

वाल स्ट्रिटको प्रचलित भाषामा 'रोड शो' भनिने लगानीकर्ता प्रस्तुति कार्यक्रम स्पेसएक्सले प्रोस्पेक्टस सार्वजनिक गरेको १५ दिनपछि सुरु गर्न सक्नेछ। हालको समयरेखाअनुसार त्यो प्रक्रिया जुन ४ देखि सुरु हुने अपेक्षा गरिएको छ ।

## प्रहरीमाथि.....

तस्करी धेरै हदसम्म नियन्त्रण हुन सक्छ," एक स्थानीयले भने, "तर यहाँ त उल्टै तस्करहरूकै मनोबल बढाउने काम भइरहेको छ ।"

सिम्रौणगढ नाकाबाट मात्रै दैनिक करोडौँ रुपैयाँ बराबरको मालसामान अवैध रूपमा आयात तथा निर्यात हुने गरेको स्थानीयहरूको दाबी छ । तर, यति ठूलो परिमाणमा भइरहेको अवैध कारोबार नियन्त्रण गर्न प्रहरी प्रशासन असफल देखिएको छ । कतिपयले त प्रहरी र तस्कर समूहबीच आर्थिक साँठगाँठ भएको आशंका समेत व्यक्त गरेका छन् । बिचौलियामार्फत रकमको चलखेल हुने र माथिल्लो तहसम्म सेटिङ मिल्ने गरेका कारण स्थानीय प्रहरी प्रशासन मुखदर्शक बनेको हुन सक्ने स्थानीयहरूको आरोप छ ।

यता सर्वसाधारण नागरिक भने सामान्य काममा समेत प्रहरीको कडाइ र दुःख झेल्न बाध्य छन् । एकातर्फ गरिब जनतामाथि कडाइ गर्ने, अर्कोतर्फ तस्कर समूहलाई संरक्षण दिने प्रवृत्तिले प्रहरी संगठनकै विश्वसनीयतामाथि प्रश्न उठ्न थालेको छ ।

स्थानीयहरूले सीमावर्ती क्षेत्रमा भइरहेको चोरी तस्करीको निष्पक्ष छानबिन गरी दोषीमाथि कडा कारबाही गर्न माग गरेका छन् । साथै प्रहरी संगठनभित्र हुने सम्भावित आर्थिक चलखेल र सेटिङ संस्कृतिको अन्त्य गरी जनताको सुरक्षामा केन्द्रित हुनुपर्ने आवश्यकता उनीहरूले औंल्याएका छन् ।

## समृद्ध........

तहको आधार नै सही नेतृत्व हो ।"

दुबेले व्यक्त गरेको धारणा अहिले विशेषगरी युवापुस्तामाझ आकर्षणको केन्द्र बनेको देखिन्छ। स्थानीय स्तरमा बढ्दो बेरोजगारी, शिक्षा क्षेत्रमा देखिएका चुनौती, स्वास्थ्य सेवाको पहुँच र पूर्वाधार विकासको विषयमा जनताले अनुभूति गर्ने गरी काम गर्न सक्ने नेतृत्व आवश्यक रहेको उनको भनाइलाई धेरैले समर्थन गरिरहेका छन् । स्थानीय युवाहरूका अनुसार अहिलेको समय भाषणभन्दा काम गर्ने नेतृत्वको खोजी गर्ने समय हो । जनताको दुःख-सुखमा साथ दिने, पारदर्शी ढंगले काम गर्ने र विकासलाई व्यवहारमा उतार्न सक्ने नेतृत्वको आवश्यकता महसुस भइरहेका बेला दुबेले उठाएका मुद्दा जनभावनासँग मेल खाने उनीहरूको भनाइ छ ।

फेटा गाउँपालिकाको आगामी नेतृत्वका लागि सम्भावित उम्मेदवारका रूपमा चर्चा भइरहेका दुबेले सामाजिक उत्तरदायित्वलाई केन्द्रमा राखेर काम गरिरहेको स्थानीयवासी बताउँछन् । समाजसेवा, जनसम्पर्क र युवासँगको सक्रिय सहकार्यका कारण उनीप्रति समर्थन बढ्दै गएको विश्लेषण गरिएको छ ।

स्थानीय तहको विकासलाई केवल नारा र भाषणमा सीमित नराखी व्यवहारिक सुधारमार्फत जनताको जीवनस्तर उकास्नुपर्ने आवश्यकता औंल्याउँदै दुबेले अबको नेतृत्व जनताको अपेक्षा बुझ्ने, इमान्दार र उत्तरदायी हुनुपर्नेमा जोड दिएका छन् ।

## पप्पु..............

सघन सहरी विकास कार्यालय अन्तर्गत वीरगन्ज महानगरपालिका भित्र सडक तथा नाला निर्माण गर्नका लागि ( स्वच्छन्द, पप्पु, युनाइटेड जे.भी.) ले संयुक्त रूपमा ठेक्का सकार गरेका थिए । उक्त सडक तथा नाला निर्माणका क्रममा पप्पु कन्ट्रक्सनले प्रमोद निर्माण सेवासँग गिट्टी, बालुवा लगायतका निर्माण सामग्रीहरू खरिद गरेको थियो । तर, सामान लिएर पनि लामो समयसम्म भुक्तानी नगरेपछि निर्माण सेवाका सञ्चालक मनोज पटेलले बिगो रकम असुलीका लागि जिल्ला अदालतमा मुद्दा दर्ता गराउनुभएको थियो ।

उक्त मुद्दाको अन्तिम सुनुवाइ गर्दै पर्सा जिल्ला अदालतले २०८० कात्तिक २० गते रौनियारलाई १ करोड १५ लाख ६५ हजार रुपैयाँ बिगो र ब्याजसहित वादीलाई भुक्तानी गर्न आदेश दिएको थियो । अदालतले तोकिएको बिगो बराबरको रकम वादी पटेल) लाई भुक्तानी नगरेको खण्डमा प्रतिवादी रौनियारलाई २ वर्ष कैदको सजाय समेत फैसलामा कायम गरेको थियो ।

पर्सा जिल्ला अदालतको उक्त फैसला विरुद्ध रौनियारले उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगन्जमा पुनरावेदन (अपिल) गरेका थिए । तर, उच्च अदालतले पनि रौनियारको पुनरावेदनलाई खारेज गर्दै जिल्ला अदालत पर्साकै फैसलालाई सदर गरिदिएको थियो ।

यसैबीच, स्वच्छन्द, पप्पु, युनाइटेड जेभीले आफ्ना सञ्चालक विरुद्ध पक्राउ आदेश जारी भएको विषयमा विभिन्न सञ्चारमाध्यममा आएका समाचारप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ। कम्पनीका आधिकारिक प्रतिनिधि प्रभु साहले जारी गरेको विज्ञप्तिरप्रतिक्रियामा अदालतमा मुद्दा अझै विचाराधीन रहेकाले भ्रामक समाचारको पछि नलाग्न आम सर्वसाधारणलाई आग्रह गरिएको छ। कम्पनीको दाबी अनुसार वीरगन्ज महानगरपालिकामा सडक तथा नाला निर्माणको ठेक्का सञ्चालनका क्रममा प्रमोद निर्माण सेवाले जेभीको आधिकारिक सहिछाप र कागजातको दुरुपयोग गरी कीर्ते जालसाजी गरेको भन्दै पर्सा जिल्ला अदालतमा अर्को मुद्दा दर्ता गरिएको छ ।

अदालत स्रोतका अनुसार पर्सा जिल्ला अदालतले उक्त कीर्ते जालसाजी सम्बन्धी मुद्दामा आवश्यक कागजातहरू झिकाउने नयाँ आदेश समेत दिएको छ । इजलासले वादी ( कम्पनी पक्ष) र प्रतिवादी प्रमोद निर्माण सेवा समेत रहेको मुद्दामा दुवै पक्षबीच भएको भनिएको करारनामा, अघिल्ला फैसलाहरू तथा अन्य सम्बन्धित कागजात अदालतमा पेस गर्न आदेश दिएको हो ।

अदालतले विशेष गरी २०७८ मङ्सिर १७ गते भएको भनिएको सम्झौतापत्रको सक्कल प्रति पत्रसमेत सम्बन्धित निकायबाट झिकाउन आदेश जारी गरेको छ। कम्पनी पक्षले यो समग्र विवादको विषय अहिले सर्वोच्च अदालतमा समेत विचाराधीन रहेको जानकारी दिएको छ। सँम्भारः रेस खबर

## साधारण...

स्थानमा प्रदेशको राजधानी रहने व्यवस्था छ ।

(घ) जनमत संग्रहसम्बन्धमा : राष्ट्रिय महत्वको कुनै पनि विषयमा जनमत संग्रहबाट निर्णय गर्न आवश्यक छ भनी संघीय संसद्मा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको दुईतिहाइ सदस्यको बहुमतबाट निर्णय भएमा जनमत संग्रहबाट त्यस्तो विषयको निराकरण गर्न सकिने व्यवस्था संविधानको धारा २७५ मा उल्लेख छ । नेपालमा पछिल्लो पटक राजा वीरेन्द्रको कार्यकालमा २०३७ वैशाख २० गते जनमत संग्रह भएको थियो । बहुदल र निर्दलीय व्यवस्थाबीच भएको जनमत संग्रहमा निर्दलीय पञ्चायती व्यवस्थाको जित भएको थियो ।

विगत केही समय अघिदेखि नेपालमा जनमत संग्रहको आवाज उठ्दै गरेको छ । खासगरी २०६२/०६३ को दोस्रो जनआन्दोलनमा नउठेको विषय धर्मनिरपेक्षता, गणतन्त्रात्मक शासन व्यवस्था र संघीयताका विषयलाई आन्दोलनको मूल विषय बनाइएको थिएन । तर पछि ३ असोज २०७२ मा संविधान जारी गर्दा कुटिल तरिकाले संविधानमा समावेश गरिए । उक्त विषयहरूमा जनमत संग्रहको माध्यमबाट जनचाहना अनुरूप संविधान संशोधन गर्न सकिने देखिन्छ । (ङ) सन्धि सम्झौता गर्ने सम्बन्धमा : राष्ट्रलाई दीर्घकालीन असर नपर्ने सन्धि सम्झौता गर्दा संसद्को साधारण बहुमतबाट गर्न सकिन्छ । तर नेपाल सरकार पक्ष हुने र राज्यलाई दीर्घकालीन असर पर्ने गम्भीर प्रकृतिका सन्धि वा सम्झौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन गर्न संघीय संसद्का दुवै सदनमा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको दुईतिहाइ बहुमतले पारित गर्नुपर्छ भन्ने संविधानको धारा २७९ मा छ । राज्यलाई दीर्घकालीन असर पार्ने गम्भीर प्रकृतिका विषय भनी संविधानमै उल्लेख गरिएको छ। त्यस्ता विषयमा (क) शान्ति र मैत्री, (ख) सुरक्षा एवं सामरिक सम्बन्ध, (ग) नेपाल राज्यको सिमाना र (घ) प्राकृतिक स्रोत तथा त्यसको उपयोगको बाँडफाँटसम्बन्धी विषय छन् । यसरी नेपाल राज्य तथा नेपाल सरकारको तर्फबाट विभिन्न किसिमका अन्तर्राष्ट्रिय सन्धि सम्झौता गर्दा संसद्मा कस्तोमा साधारण बहुमत र कस्तोमा दुईतिहाइ मत आवश्यक पर्छ भनी प्रष्ट मार्गदर्शन गरेको छ ।

(च) महाअभियोग सम्बन्धमा : संवैधानिक परिषद् वा न्याय परिषद्बाट सिफारिस भई राष्ट्रपतिबाट नियुक्त भएका व्यक्तिहरूलाई पदबाट हटाउन संसद्मा अभियोग दर्ता गर्ने कार्यलाई महाअभियोग भनिन्छ । यसरी महाअभियोगको कारबाहीमा पर्न सक्ने पदहरूमा सर्वोच्च अदालतका प्रधानन्यायाधीश, न्यायाधीशहरू संवैधानिक अंगका प्रमुख तथा पदाधिकारीहरू हुन् । संविधानको धारा १०१ अनुसार महाअभियोग लाग्ने पदाधिकारीहरूलाई पदबाट हटाउन प्रतिनिधिसभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको दुईतिहाइ बहुमतबाट महाअभियोग प्रस्ताव पारित भएमा सम्बन्धित व्यक्ति पदबाट मुक्त हुने संवैधानिक व्यवस्था छ ।

तर राष्ट्रपति वा उपराष्ट्रपतिलाई महाअभियोगको प्रस्ताव पारित गरी पदमुक्त गर्न संघीय संसद्को दुवै सदनको तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको कम्तीमा दुईतिहाइ बहुमतबाट महाअभियोग प्रस्ताव पारित भएमा मात्र निज आफ्नो पदबाट मुक्त हुने उल्लेख छ ।

(छ) प्रतिनिधिसभाको सभामुख र उपसभामुखको पदमुक्त सम्बन्धमा : आवधिक वा मध्यावधि निर्वाचनपश्चात् गठित प्रतिनिधिसभाको पहिलो बैठक प्रारम्भ भएको मितिले १५ दिनभित्र प्रतिनिधिसभाका सदस्यहरूले आफूमध्येबाट प्रतिनिधिसभाको सभामुख र उपसभामुख निर्वाचन गर्ने व्यवस्था संविधानको धारा ९१ मा उल्लेख छ । यसरी निर्वाचन हुँदा सभामुख र उपसभामुखमध्ये एक जना पुरुष र महिला अलगअलग दलबाट हुने प्रावधान रहेको छ ।

त्यस्तै कुनै कारणवश प्रतिनिधिसभाका सभामुख र उपसभामुखको पद रिक्त भएमा प्रतिनिधिसभाका सदस्यहरूले आफूमध्येबाट प्रतिनिधिसभाको सभामुख र उपसभामुखको निर्वाचन गरी रिक्त स्थानको पदपूर्ति गरिन्छ । यसरी पदपूर्ति गर्दा बहुमतको आधारमा गरिन्छ । प्रतिनिधिसभाका सभामुख र उपसभामुखले आफ्नो पद अनुकूल आचरण नगरेको भन्ने प्रस्ताव प्रतिनिधिसभाको तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको दुईतिहाइ बहुमतबाट पारित भएमा निज पदमुक्त हुनेछन् ।

(ज) राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्षको पदमुक्त सम्बन्धमा : राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्षको निर्वाचनमा पनि बहुमतको आधारमा गरिन्छ। यसरी राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्षको निर्वाचन गर्दा राष्ट्रिय सभाको जम्मा ५९ सदस्यहरूमध्येबाट पहिलो बैठक प्रारम्भ भएको मितिले १५ दिनभित्र राष्ट्रिय सभाका सदस्यहरूले आफूमध्येबाट राष्ट्रिय सभाको बहुमतको आधारमा अध्यक्ष र उपाध्यक्षको निर्वाचन गर्नेछन् ।

संविधानको धारा ९२ अनुसार कुनै पनि बेलामा राष्ट्रिय सभाका अध्यक्ष एवं उपाध्यक्षको पद रिक्त भएमा निर्वाचनको प्रक्रियाद्वारा बहुमतको आधारमा पदपूर्ति गरिने संवैधानिक व्यवस्था छ । यसरी निर्वाचन हुँदा अध्यक्ष र उपाध्यक्षमध्ये एकजना पुरुष र महिला हुने प्रावधान छ । राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्षले आफ्नो पदअनुसारको आचरण नगरेमा राष्ट्रिय सभामा तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको दुईतिहाइ बहुमतद्वारा प्रस्ताव पारित भएमा राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्ष आफ्नो पदबाट मुक्त हुने व्यवस्था गरिएको छ। यसरी संविधानमा के कस्तो अवस्थामा संसद्को साधारण बहुमत र दुईतिहाइ बहुमत आवश्यक रहन्छ भन्ने रहेको पाइन्छ ।

अन्त्यमा : वर्तमान सरकार दुईतिहाइ नजिकको सरकार हो । विगतका सरकार र दलहरूको कार्यशैलीको उपजको रूपमा वर्तमान सरकार गठन भएको कुरा आम नागरिकको बुझाइ छ। जे जसरी भए पनि छोटो अवधिमै दुईतिहाइ बहुमतको निकट सदस्य संख्या भएको नयाँ दलले कार्यशैली आक्रामक रूपमा अगाडि बढाएको देखिन्छ। वर्तमान सरकारको कार्यशैली हेर्दा अनुभव, परिपक्वता र धैर्यको कमी हो कि ? भन्ने देखिन्छ। वर्तमान नेपाल सरकार सार्वभौमसत्ता सम्पन्न संसद्को प्रचण्ड बहुमतद्वारा गठन भएको सरकार हो ।

सरकारले आगामी वर्षको नीति तथा कार्यक्रम संसद्मा प्रस्तुत् गरी पारितसमेत गरिसकेको छ। प्रतिपक्षी दलहरूले सरकारको नीति तथा कार्यक्रममा यथेष्ठ रूपमा छलफल हुन नपाएको भनी प्रतिपक्षी दलका सांसदहरूले गुनासो व्यक्त गरिरहेका छन्। संसद्बाट निर्वाचित प्रधानमन्त्रीले संसद्लाई उपेक्षा गरेको देखिन्छ । संसद्मा उपस्थित भई सांसदहरूले उठाएका प्रश्नको एक–एक प्रश्नको जवाफ दिनु प्रधानमन्त्रीको कर्तव्य हो । यो संसदीय मर्यादा र संसद्प्रतिको जवाफदेहिता पनि हो । प्रधानमन्त्रीले संसद्मा उपस्थित भई प्रश्नको जवाफ नदिई गोप्य कोठामा बसेर सरकार र राज्य सञ्चालन गर्न खोज्नु नेपाली जनताको अभिमतभन्दा बाहिरको कुरा हो ।

व्यक्तिगत घटना जस्तै जन्मदर्ता, विवाहदर्ता, मृत्यु दर्ता तथा सम्बन्ध बिच्छेद समयमै सम्बन्धित कार्यालयमा गई दर्ता गराऔं ।
फेटा गाउँपालिका, फेटा, बारा

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - बहुदरमाई नगरपालिका पर्सा

# पटक-पटक विवादमा तानिएका चन्दन स्वर्णकार अन्ततः रास्वपाबाट निष्कासित

***शु.आ. सम्बाददाता***
***कलैया, ०७ जेठ***

राष्ट्रिय स्वतन्त्र पार्टीका बारा जिल्लाका विवादित नेता तथा पूर्व जिल्ला संयोजक चन्दन स्वर्णकार अन्ततः पार्टीबाट निष्कासित भएका छन्। लामो समयदेखि पार्टीभित्र आन्तरिक विवाद, अनुशासनहीन गतिविधि र नेतृत्वविरुद्ध खुलेआम अभिव्यक्ति दिँदै आएका स्वर्णकारमाथि केन्द्रीय तहले कठोर कारबाही गर्दै साधारण सदस्य समेत नरहने गरी सदस्यता खारेज गरेको हो।



रास्वपाको केन्द्रीय संगठन विभागद्वारा जारी गरिएको आधिकारिक पत्रमा केन्द्रीय अनुशासन आयोगको सिफारिसअनुसार २०८३ वैशाख ३० गते बसेको केन्द्रीय समितिको बैठकले स्वर्णकारको सदस्यता खारेज गर्ने निर्णय गरेको उल्लेख गरिएको छ। उक्त पत्रमा संगठन विभागका सचिव शङ्कर श्रेष्ठको हस्ताक्षर रहेको छ।

पार्टी स्रोतका अनुसार स्वर्णकार लामो समयदेखि संगठनभित्र विवादित पात्रका रूपमा चिनिँदै आएका थिए। पार्टीको आधिकारिक निर्णयविपरीत गतिविधि गर्ने, नेतृत्वविरुद्ध सार्वजनिक रूपमा असन्तुष्टि पोख्ने, गुटगत राजनीति चलाउने तथा जिल्ला तहमा समानान्तर शक्ति निर्माण गर्ने प्रयास गरेको आरोप उनीमाथि लाग्दै आएको थियो। केन्द्रीय नेतृत्वले पटक-पटक सचेत गराउँदा पनि व्यवहारमा सुधार नआएपछि अन्ततः निष्कासनको निर्णय गरिएको स्रोतको दाबी छ।

रास्वपाको स्थापना कालदेखि नै बारामा संगठन निर्माणमा सक्रिय रहेका स्वर्णकारले आफूलाई "संस्थापक नेता" भनेर प्रस्तुत गर्दै आएका थिए। तर पछिल्लो समय उनले पार्टीभित्र व्यक्तिगत प्रभाव कायम राख्न नेतृत्वलाई चुनौती दिने शैली अपनाएको आरोप कार्यकर्तामाझ समेत चर्चामा थियो। जिल्ला तथा प्रदेश नेतृत्वसँग उनको सम्बन्ध चिसिँदै गएपछि पार्टीभित्रै उनको भूमिकामाथि प्रश्न उठ्न थालेको थियो।

पार्टीभित्र अनुशासन उल्लंघनका विषयमा यसअघि पनि उनीमाथि स्पष्टीकरण मागिएको बताइएको छ। तर उनले केन्द्रीय निर्देशनलाई बेवास्ता गर्दै आफ्नै ढंगले गतिविधि सञ्चालन गरेको तथा संगठनलाई कमजोर बनाउने खालका अभिव्यक्ति दिएको आरोप पार्टीभित्रबाटै उठ्दै आएको थियो।

रास्वपाले पछिल्लो समय संगठन सुदृढीकरण र अनुशासन कायम गर्ने अभियानलाई तीव्र बनाइरहेका बेला स्वर्णकारमाथिको कारबाहीलाई "कडा सन्देश" का रूपमा हेरिएको छ। पार्टी नेतृत्व निकट स्रोतका अनुसार "व्यक्तिगत स्वार्थभन्दा संगठन ठूलो हो" भन्ने सन्देश दिन यो निर्णय गरिएको हो।

स्वर्णकारमाथिको कारबाहीपछि बाराको रास्वपा राजनीति थप तरंगित बनेको छ। केही कार्यकर्ताले उनको निष्कासनलाई "ढिलै भए पनि आवश्यक कदम" भनेका छन् भने स्वर्णकार निकट समूहले भने नेतृत्वले फरक मत दबाउन खोजेको आरोप लगाउन थालेका छन्।


## बारा जिल्ला क्रिकेट संघ
**District Cricket Association of Bara**
**Kalaiya , Bara**
**ESTD-2051**

सुचना प्रकाशित मिति २०८३/०२/०७

सुचना ! सुचना !! सुचना !!!

नेपाल क्रिकेट संघको निर्देशन अनुसार जिल्ला क्रिकेट सँघको जेठ ३० गते शनिबारका दिन बारा सदरमुकाम कलैयामा जिल्ला अधिवेशन गर्नु पर्ने भएको हुँदा नेपाल क्रिकेट सँघको बिधान बमोजिम जिल्ला क्रिकेट संघमा आवद्ध सम्पुर्ण साधारण सदस्य, सँघ सँस्था, आवद्ध क्लबहरु, नेपाल क्रिकेट संघबाट मान्यता प्राप्त प्रशिक्षक, एम्पायर, खेलाडी, स्कोरर लगायत सम्बन्धित सबैको लागि सदस्यता नबिकरण तथा नयाँ सदस्यताका लागि यो सुचना प्रकाशित गरीएको छ। प्रकाशित मितिले १५ दिन भित्रमा नबिकरण तथा नयाँ सदस्यता लिनु हुन जानकारी गराईन्छ।

**सदस्यता प्राप्तिको लागि मापदण्ड**

१. नेपाल क्रिकेट संघ वा राष्ट्रिय खेलकुदबाट आयोजना भएका तिन ( ३ ) अलग अलग बर्षमा ३ वटा सिनियर राष्ट्रिय क्रिकेट प्रतियोगितामा सहभागी पुर्व महिला तथा पुरुष
२. अन्तरराष्ट्रिय सिनियर क्रिकेट प्रतियोगितामा खेलेका पुर्व महिला तथा पुरुष खेलाडीहरू
३. **ICC , ACC** वा नेपाल क्रिकेट संघबाट आयोजित कम्तीमा एक ( १ ) श्रेणीका ( लेवल १ पास ) क्रिकेट प्राबिधिक तालिम प्रमाणपत्र प्राप्त एम्पायर, प्रशिक्षक, तथा स्कोरर हरु
४. दुई कार्यकाल नेपाल क्रिकेट संघ , क्षेत्रिय क्रिकेट बिकास समिति ( प्रादेशिक क्रिकेट संघ समेत ) वा जिल्ला क्रिकेट संघका कार्यसमितिका सदस्यहरु
५. बर्तमान जिल्ला क्रिकेट कार्यसमितिका सम्पूर्ण सदस्यहरु
६. पछिल्लो ८ बर्षमा जिल्ला क्रिकेट संघद्वारा आयोजित क्रिकेट प्रतियोगिताहरुमा कम्तीमा २ पटक सहभागी भएका क्लबहरु नियमित नबिकरण भएका

**अधिबेशन कार्यक्रम तालिका:-**

मिति: २०८३/०२/३० गते शनिबार
समय: ११:३० बजे बिहान
स्थान: करणराज प्यालेस, कलैया
नोट: उपरोक्त बमोजिम नयाँ सदस्य प्राप्त गर्न निवेदन सहित आवश्यक कागजातहरु अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

अनिल कुमार चौलागाई
सचिव


# दुर्गा प्रसाईमाथि अनुसन्धान गर्न थप चार दिन म्याद, पक्राउ विरुद्ध वीरगंजमा पुनः प्रदर्शन

***वीरगंज, ७ जेठ***

मेडिकल व्यवसायी तथा "राष्ट्, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियान नेपाल" का संयोजक दुर्गा प्रसाईँ माथि अनुसन्धानका लागि पर्सा जिल्ला अदालत ले बिहीबार थप चार दिन म्याद थप्न प्रहरीलाई अनुमति दिएको छ। प्रसाईँविरुद्ध विद्युतीय कारोबार ऐन तथा राज्यविरुद्धको कसुरअन्तर्गत अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ। जिल्ला प्रहरी कार्यालय पर्सा ले उनलाई जेठ ४ गते सोमबार राति 'जरुरी पक्राउ पुर्जी'का आधारमा नियन्त्रणमा लिएको थियो। यसअघि अदालतबाट तीन दिनको म्याद लिइसकिएको थियो।

प्रहरीका अनुसार प्रसाईँलाई वीरगंजस्थित सिद्धार्थ दियालो होटल बाट नियन्त्रणमा लिइएको हो। अनुसन्धानलाई निरन्तरता दिन आवश्यक प्रक्रिया अगाडि बढाइएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ।

यता, प्रसाईँको पक्राउविरुद्ध वीरगंजमा बिहीबार पुनः प्रदर्शन गरिएको छ। उनका समर्थकहरूले तत्काल रिहाइको माग गर्दै प्रहरी कार्यालयअगाडि विरोध प्रदर्शन गरेका हुन्।

प्रदर्शनकारीहरू विभिन्न नारा लेखिएका प्लेकार्ड बोकेर प्रहरी कार्यालयअगाडि भेला भएका थिए। त्यसपछि उनीहरूले घण्टाघर वीरगंज तर्फ मार्च गर्दै सरकारविरुद्ध नाराबाजी गरेका थिए। प्रदर्शनपछि पुनः प्रहरी कार्यालयअगाडि फर्किएर विरोध सभासमेत आयोजना गरिएको थियो।

प्रदर्शनका क्रममा सहभागीहरूले "दुर्गा प्रसाईँलाई बिना शर्त रिहा गर", "राज्य आतंक बन्द गर", "प्रहरी दमन स्वीकार छैन" लगायतका नाराबाजी गरेका थिए। केही प्रदर्शनकारीले कालो पट्टी बाँधेर सरकारको कदमप्रति प्रतीकात्मक विरोधसमेत जनाएका थिए।

समर्थकहरूले प्रसाईँलाई राजनीतिक पूर्वाग्रहका आधारमा पक्राउ गरिएको आरोप लगाउँदै फरक विचार राख्ने व्यक्तिमाथि राज्यले दमन गर्न खोजिएको बताएका छन्। उनीहरूले तत्काल रिहाइको माग गर्दै आन्दोलनलाई निरन्तरता दिने चेतावनीसमेत दिएका छन्।

प्रसाईँ पक्राउ परेपछि वीरगंजमा लगातार विरोध प्रदर्शन हुँदै आएको छ। सुरक्षा संवेदनशीलतालाई ध्यानमा राख्दै प्रदर्शनस्थल वरपर ठूलो संख्यामा प्रहरी परिचालन गरिएको थियो। हालसम्म प्रदर्शन शान्तिपूर्ण रूपमा सम्पन्न भएको प्रहरीले जनाएको छ।

# छिपहरमाई गाउँपालिकामा नयाँ प्रमुख प्रशासकीय अधिकृत संजिव साहको पदभार ग्रहण

***राजन कुमार बानियाँ***
***पर्सा, ७ जेठ***

पर्साको छिपहरमाई गाउँपालिका मा सरुवा भई आउनुभएका नयाँ प्रमुख प्रशासकीय अधिकृत संजिव साहले बिहीबारदेखि औपचारिक रूपमा कार्यभार सम्हाल्नुभएको छ। गाउँपालिकाले आयोजना गरेको स्वागत तथा परिचयात्मक कार्यक्रममा जनप्रतिनिधि तथा कर्मचारीहरूले उनलाई भव्य स्वागत गरेका हुन्।





गाउँपालिकाको सभा हलमा आयोजित कार्यक्रममा गाउँपालिका अध्यक्ष दिपेन्द्र सिंह, कार्यपालिका सदस्य रामेश्वर महतो लगायत जनप्रतिनिधि, कार्यपालिका सदस्य, शाखा प्रमुख, विद्यालयका प्रधानाध्यापक तथा कर्मचारीहरूको उल्लेख्य उपस्थिति रहेको थियो। कार्यक्रममा स्वास्थ्य शाखा प्रमुख शनि कुमार साह, शिक्षा शाखा प्रमुख मुकेश चौरसिया, विद्यालयका प्रधानाध्यापक सुरेश साह कानु, शत्रुधन प्रसाद लगायतले प्रमुख प्रशासकीय अधिकृत साहलाई फूलमाला तथा दोसल्ला ओढाएर स्वागत गरेका थिए। कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख प्रशासकीय अधिकृत साहले जनताको कामलाई आफ्नो पहिलो प्राथमिकतामा राखेर सेवा प्रवाहलाई छिटो, छरितो र प्रभावकारी बनाउने प्रतिबद्धता व्यक्त गर्नुभयो। उहाँले सेवाग्राहीलाई कुनै पनि प्रकारको झन्झट वा ढिलासुस्ती हुन नदिने बताउँदै मातहतका कर्मचारीलाई पनि जिम्मेवारीपूर्ण ढंगले काम गर्न निर्देशन दिने धारणा राख्नुभयो।

"जनताले सहज रूपमा सेवा पाउनुपर्छ भन्ने मेरो मुख्य उद्देश्य हो," उनले भने, "गाउँपालिकामा आउने सेवाग्राहीको काम समयमै सम्पन्न होस् भन्नेमा म विशेष ध्यान दिनेछु।"

साहले विकास निर्माणका कामलाई समेत प्रभावकारी रूपमा अगाडि बढाउने उल्लेख गर्दै जनप्रतिनिधि, कर्मचारी तथा स्थानीय समुदायबीच समन्वय र सहकार्यको वातावरण निर्माण गरेर गाउँपालिकाको समग्र विकासमा योगदान पुऱ्याउने प्रतिबद्धता जनाउनुभयो।

नयाँ प्रमुख प्रशासकीय अधिकृत साह यसअघि हरिपुर्वा नगरपालिका मा कार्यरत रहनुभएको थियो। उहाँको आगमनसँगै गाउँपालिकाको प्रशासनिक कार्यसम्पादन थप व्यवस्थित र प्रभावकारी बन्ने अपेक्षा स्थानीयवासी तथा जनप्रतिनिधिहरूले गरेका छन्।


स्वागत तथा परिचयात्मक कार्यक्रममा गाउँपालिकाका विभिन्न शाखाका कर्मचारी, कार्यपालिका सदस्य, जनप्रतिनिधि तथा स्थानीय सरोकारवालाहरूको उपस्थिति रहेको थियो।

# पप्पु कन्ट्रक्सनका सञ्चालक सुमित रौनियारविरुद्ध पक्राउ पुर्जी जारी, डेढ करोड बढी विगो मुद्दामा दोषी ठहर

***बिरगंज, ०७ जेठ***

देशभरका विकास निर्माणका आयोजनाहरू ठेक्का लिने तर समयमा काम सम्पन्न नगरेर बद्नाम कमाउँदै आएको पप्पु कन्ट्रक्सन प्रा. लीका सञ्चालक सुमित रौनियारविरुद्ध पर्सा जिल्ला अदालतले पक्राउ पुर्जी जारी गरेको छ। विगो सम्बन्धी एक मुद्दामा दोषी ठहर भई दुई वर्ष कैद सजाय तोकिएका रौनियारलाई पक्राउ गरी अदालतमा उपस्थित गराउन प्रहरीका नाममा पक्राउ आदेश जारी भएको हो।





पर्सा जिल्ला अदालत
ईजलास
माननीय जिल्ला न्यायधीश श्री मोहन सुवेदी
आदेश

सुमित रौनियार------------------------------------------------------------वादी

विरुद्ध

प्रमोद निर्माण सेवा समेत------------------------------------------------प्रतिवादी

मुद्दा नं. ०८१-c४-१५७१
मुद्दा- कीर्ते जालसाजी ।

यसमा देहायको कार्य सम्पन्न गरी नियमानुसार पेश गर्नु।

१. वादी प्रतिवादीहरुका साक्षीहरु निजहरु मार्फत उपस्थित गर्न लगाई बकपत्र गराउनु।

२. प्रतिवादी मनोज पटेलको प्रतिउत्तरमा उल्लेखित ०७९-cp-२४६२ को करार बमोजिमको दायित्व पुरा गराई पाउँ तथा ०७७-cp-०४६५ को रकम दिलाई पाउँ मुद्दामा भएको फैसला सहितको अभिलेख मिसिलहरु प्रमाणको लागी साथै राख्नु।

३. प्रतिवादी प्रमोद निर्माण सेवाका प्रोपराईटरले मेरो कम्पनीको छाप दुरुपयोग गरी आफुलाई फाईदा र मलाई नोक्सान हुने गरी मिति २०७५/०८/१७ गते उल्लेख भएको सम्झौतापत्र तयार गरेको भन्ने वादीले आफ्नो फिरादपत्रको प्रकरण ३ मा उल्लेख गरेको साथै मिति २०७९/०९/२० को च.नं.५९५ को पत्र समेतलाई जालसाजी घोषित गरी पाउँ भनी प्रकरण ५ मा दावी लिएको हुँदा उक्त सम्झौतापत्रको सक्कल कागज प्रतिवादी प्रमोद निर्माण सेवाबाट दाखिल गर्न लगाउनु। साथै उक्त मिति २०७९/०९/२० को सक्कल पत्र सघन सहरी तथा भवन निर्माण आयोजना पर्सा वीरगंजबाट झिकाउनु।

न्यायाधीश

वीरगंज महानगरपालिका वडा नं. १४ निवासी प्रमोद निर्माण सेवाका सञ्चालक मनोज पटेलले दायर गरेको विगो सम्बन्धी मुद्दामा अदालतले रौनियारलाई दोषी ठहर गरेको थियो। सोही फैसला कार्यान्वयनका लागि पर्सा जिल्ला अदालतले गत वैशाख ३१ गते प्रहरीका नाममा पक्राउ पुर्जी जारी गरेको हो। तर, अदालतबाट आदेश जारी भएको एक साता ९७ दिन० बितिसक्दा समेत जिल्ला प्रहरी कार्यालय पर्साले रौनियारलाई पक्राउ गर्न सकेको छैन।

अदालतको आदेश आएको यतिका दिन बित्दासमेत प्रहरीले पक्राउ गर्न तदारुकता नदेखाएको भन्दै प्रमोद निर्माण सेवाका सञ्चालक पटेलले गम्भीर गुनासो गर्नुभएको छ। रौनियार राजनीतिक तथा आर्थिक रूपमा ठुलो पहुँच राख्ने व्यक्ति भएकाले प्रहरी कुनै अदृश्य दबाब वा प्रभावमा परेर उनलाई पक्राउ गर्न हिचकिचाएको हुन सक्ने आशङ्का पटेलले व्यक्त गर्नुभयो।

यस विषयमा जिल्ला प्रहरी कार्यालय पर्साका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक (डीएसपी) हरिबहादुर बस्नेतसँग बुझ्दा, उहाँले जिल्ला अदालतको आदेशलाई कार्यान्वयन गर्न आवश्यक कदमहरू चालिसकिएको दाबी गर्नुभयो। रौनियारलाई पक्राउ गर्न जिल्ला प्रहरी कार्यालयको फैसला कार्यान्वयन टोली लाई जिम्मेवारी सुम्पिएको जानकारी दिँदै डीएसपी बस्नेतले हाल फरार रहेका रौनियारको खोजीका लागि भौतिक र प्राविधिक दुवै सञ्चालन संयन्त्रहरू परिचालन गरिएको बताउनुभयो।

के थियो त मुद्दा ?

बाँकी तेश्रो पृष्ठमा


## जनहितमा जारी सन्देश

**घरेलु हिंसा, बलात्कार, कुटपिट, बोक्सी आरोपमा गाउँ निकाला, दाइजो प्रथा, बहुविवाह, बालविवाह, जबरजस्ती करणी, र अन्य मानसिक तथा शारीरिक यातना, अपहेलना र धम्क्याउनेदेखि जिस्क्याउने कार्य सामाजिक तथा कानूनी अपराध हुन्। कोही कसैबाट त्यस्ता कार्य भए तत्काल स्थानीय जनप्रतिनिधि, न्यायिक समिति तथा प्रहरीमा खबर गरौं ।**

**आदर्श कोतवाल गाउँपालिका परिवार**
**मधेश प्रदेश, बारा**

**तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - बृन्दाबन नगरपालिका**